**वराहक्षेत्र नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी सुनसरी
१ नं. प्रदेश नेपाल

**प्रथम पटक प्रकाशित मितिः २०७७/०८/११**

**बिषयः- गरिबी निबारण लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) कार्यान्वयनका लागि संस्था छनौट गर्नका लागि आसय पत्र पेश गर्न गरिएको सूचना ।**

चालु आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत यस नगरका लघु उद्यमीहरुलाई स्तरउन्नती गर्ने कार्यक्रम कार्यान्वयनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (औद्योगिक तथा लागनी प्रवर्द्धन महाशाखा) सिंहदरबार काठमाण्डौको च.नं १४० मिति २०७७/०७/०५ को पत्रानुसार यस नगरमा संघ संस्था मार्फत कार्यक्रम कार्यान्वयन गर्न यस कार्यालयमासूचिकृत भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ सहितको अनुसुचि ४ बमोजिमको ढाँचामा आसय पत्र खाममा शिलबन्दी लाहा छाप लगाइ पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी पेश हुन आएको प्रस्ताव मुल्याङ्कनका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ । यस सम्बन्धी कार्यक्षेत्रगत शर्त (**TOR**) यस नगरपालिकाको वेबसाईट **www.barahamun.gov.np** मा हेर्न सकिन्छ ।

तोकिएको म्याद भित्र पर्न आएका आसय पत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनको ठिक २ बजे यस कार्यालयमा खोलिनेछ ।

**प्रस्ताव पेश गर्ने समय र स्थान**

स्थानः- सामाजिक विकास शाखा, वराहक्षेत्र नगरपालिका चक्रघट्टी सुनसरी

समयः- बिहान १० बजे देखि कार्यालय समय भित्र

सम्पर्क नंः- ९८४२०५५१०६

ई-मेलः- **ito.barahamun18@gmail.com**

**प्रमुख प्रशासकीय अधिकृत**